# इलाम नगरपालिका

## इलाम नगरपालिकाको राजपत्र

**खण्डः ८** **सङ्ख्याः ९** **मितिः २०८१/११/१५**

**भाग २**

इलाम नगरपालिकाको कार्यपालिका बैठकबाट पारित इलाम नगरपालिकाको गाईको प्रजननको लागि उन्नत नस्लको सिमेन वितरण सम्बन्धी कार्यविधि, २०८१ सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# इलाम नगरपालिका

## गाईको प्रजननको लागि उन्नत नस्लको सिमेन वितरण सम्बन्धी कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८१।११।१५**
**प्रमाणीकरण मिति : २०८१।११।१५**

प्रस्तावनाः इलाम नगरपालिकामा उन्नत नस्लको सिमेनबाट कृत्रिम गर्भाधान सेवाको संचालन मार्फत इलाम नगरपालिकालाई दुग्ध तथा दुग्धजन्य वस्तुमा आत्मनिर्भर बनाउँदै उक्त बस्तुहरुको निर्यात गर्न समेत सक्षम बनाउने लक्ष्यलाई हासिल गर्न नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम र इलाम नगरपालिकाको ऐन र नियमावलीहरूको परिधिमा रहि यो कार्यविधि निर्माण गरिएको छ ।

### परिच्छेद- १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम : यस कार्यविधिको नाम **गाईको प्रजननको लागि उन्नत नस्लको सिमेन वितरण सम्बन्धी कार्यविधि, २०८१** रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** (१) विषय र प्रसङ्गले फरक अर्थ नलागेमा यस कार्यविधिमा:

क) "कार्यक्रम" भन्नाले "नगरपालिका क्षेत्रमा कृषकको लागत साझेदारीमा हुने गाईको प्रजननको लागि उन्नत नस्ल को सिमेन वितरण कार्यक्रम" सम्झनुपर्दछ।

ख) "नगरपालिका" भन्नाले "इलाम नगरपालिका" सम्झनुपर्दछ।

ग) "कार्यालय" भन्नाले "इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय" सम्झनुपर्दछ।

घ) "शाखा"भन्नाले"इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको पशुसेवा शाखा" सम्झनुपर्दछ।

ङ) "वडा कार्यालय"भन्नाले "इलाम नगरपालिकाको वडा कार्यालय" सम्झनुपर्दछ।

च) "सहकारी सदस्य" भन्नाले "इलाम नगरपालिका कार्यक्षेत्र भएका इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा दर्ता भई हाल सञ्चालनमा रहेका दुग्ध उत्पादक सहकारी संस्थामा आवद्ध सदस्य" सम्झनुपर्दछ।

छ) "समूह सदस्य" भन्नाले "इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा दर्ता भई हाल सञ्चालनमा रहेका कृषि/पशुपालन समूह" सम्झनुपर्दछ।

ज) "व्यावसायिक फर्म" भन्नाले "इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा दर्ता भई हाल सञ्चालनमा रहेका व्यावसायिक गाई फर्म " सम्झनुपर्दछ।

झ) "उन्नत गाई पालन गरेका कृषक" भन्नाले "होलेस्टिन गाई पालन गरिरहेका किसान" लाई सम्झनुपर्दछ।

ञ) "प्राविधिक" भन्नाले "इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको पशुसेवा शाखामा कार्यरत प्राविधिक कर्मचारी वा निजी कृत्रिम गर्भाधानकर्ता प्राविधिक" लाई सम्झनुपर्दछ।

ट) "कोष"भन्नाले "नगरपालिकाले स्थापना गरेको कृत्रिम गर्भाधान कोष" सम्झनुपर्दछ।

## परिच्छेद - २

## कार्यविधिको आवश्यकता, कार्यक्रमको लक्ष्य तथा उद्देश्य

**३. कार्यविधिको आवश्यकता:** इलाम नगरपालिकाको प्रथम आवधिक योजनाले कृषि क्षेत्रलाइ नगरको समृद्धिको संवाहक क्षेत्रका रुपमा पहिचान गरेको छ । कृषि क्षेत्र अन्तर्गत पशुपालन त्यसमा पनि खास गरि गाइपालन नगरपालिकाको १२ वटै वडाहरूमा किसानहरूको मुख्य पेसाको रूपमा रहेको छ । गाइपालनलाइ उत्पादन केन्द्रित व्यवसायिक तथा नगरपालिकाले कच्चा दुग्ध उत्पादनमा लागत मूल्य कम गर्न पशु आहार बिकास कार्यक्रम मार्फत विभिन्न प्रजातिको डाले घाँस र नेपियरका प्रजातिहरू र सिजन अनुसार घाँसको बिऊ र बिरुवा वितरण गर्ने गरेको छ। यस नगरपालिकालाई गाईको श्रोतकेन्द्रकै रूपमा विभिन्न ठाउँबाट किसानहरू गाई खरिद गर्न आउने भएकोले यस नगरपालिकामा उत्पादन भएका उन्नत नस्लहरू दिन दिनै सकिदैं गएको परिप्रेक्ष्यमा दूधको उत्पादन वृद्धि गर्न र गाई पालनलाई व्यवसायीकरण गर्न उन्नत नस्ल (सेक्स्ड सिमेन)कार्यक्रम प्रयोग तथा सञ्चालन सम्बन्धी कार्यविधिको आवश्यकताले यो कार्यविधि निर्माण गरिएको हो।

**४. कार्यक्रमको लक्ष्य**ः गाई पालक किसानहरूलाई पूर्ण ग्यारेन्टीको साथ उन्नत नस्लको उपलब्धताको सुनिश्चित गर्दै गाई पालनलाई व्यवसायीकरण गर्दै नगरपालिकालाई उन्नत गाईको श्रोतकेन्द्रको रूपमा विकास गर्ने कार्यक्रमको लक्ष्य रहेको छ।

**५. कार्यक्रमको उद्देश्य :** यस कार्यक्रमको देहाय बमोजिमका उद्देश्यहरू रहेका छन् ।

१) गाई पालनमा बिशिष्टिकृत नस्लको विकास गर्ने ।

२) दुग्ध उत्पादन अभिवृद्धि गरि कृषकहरूको आम्दानी वृद्धि गर्ने ।

३) गाई पालनलाई सम्मानजनक नाफामुखी व्यवसायको रूपमा विकास गर्दै रोजगारीका अवसरहरू सृजना गर्ने ।

## परिच्छेद - ३

## छनौट प्रक्रिया र कार्यक्रम कार्यान्वयन विधि

**६. कार्यक्रम कार्यान्वयन र छनौट प्रक्रिया:**

(१) उन्नत नस्लको प्रयोगका लागि किसान र गाईको छनौट प्रक्रिया र कार्यान्वयन विधि देहाय बमोजिम हुनेछ:

क) गाई २ देखि ४ बेत सम्मको र होलिस्टेन र जर्सी जातको हुनु पर्नेछ ।

ख) किसानको गोठ र भकारो सुधार भएको हुनु पर्नेछ ।

ग) गाईको उमेर, स्वास्थ्य र जात उचित हुनु पर्नेछ ।

घ) लागत साझेदारी बापतको खरिद मूल्यको ५० प्रतिशत रकम जम्मा गरेको नगदी रसिद लिएको हुनु पर्नेछ । सिमेन प्रयोग बापत नगरपालिकाले तोकेको प्राविधिक खर्च (प्रति गाइ अधिकत रु. ६०० ) किसान स्वयंले व्यहोर्नु पर्ने छ ।

ङ) कृत्रिम गर्भाधान गराउनु पर्ने पशुलाई नियमित स्याहारसुसार गरी गर्भाधान गराउनु पूर्व सुरुमा गाई प्रजननयोग्य भएको जानकारी शाखालाई गराउनु पर्नेछ ।

च) समय अनुसार आन्तरिक तथा बाह्य परजीवी विरुद्धको औषधी प्रयोग गर्ने र सो को रेकर्ड राखेको हुनु पर्नेछ ।

छ) शाखाले कृत्रिम गर्भाधान गरेको गाईको फोटो सहितको अभिलेख राख्नेछ ।

ज) खोरेत रोग विरुद्धको खोप प्रयोग गरेको गाई हुनु पर्नेछ ।

झ) उन्नत नस्ल (सेक्स्ड सिमेन) प्रयोग गरिएको गाईबाट जन्मिएको बाछीलाई ६ महिना पछि अनिवार्य बीमा गर्नु पर्नेछ।

ञ) सेक्स्ड सिमेनबाट जन्मिएको बाछीलाई नगरपालिका भित्र मात्र खरिद बिक्री गर्न पाइनेछ खरिद गर्नुपूर्व उक्त व्यक्तिले नगरपालिकाको पशु सेवा शाखामा सूचीकृत हुनु पर्नेछ ।

ट) सेक्स्ड सिमेनको लागि वडामार्फत आवेदन माग गरिनेछ । एक आर्थिक वर्षको लागि वडामा प्राप्त नामावली टोल खुलेको विवरण र गाईको जात र वेतको विवरण सहित वडा कार्यालयले पशु सेवा शाखामा विवरण पठाउनु पर्नेछ । वडा कार्यालयबाट आएको विवरणहरू मध्ये मापदण्ड पुगेको गाईहरूलाई क्रमशः कृत्रिम गर्भाधान सेवा उपलब्ध गराइनेछ । सहकारी सदस्य, समूह सदस्य, व्यावसायिक फार्म र उन्नत गाई पालन गरेका कृषकहरू प्राथमिकतामा पर्नेछन् ।

ठ) कृत्रिम गर्भाधानकर्ताले कृत्रिम गर्भाधान पछि सर्त निर्देशन सहितको कृत्रिम गर्भाधान कार्डको विवरण भरेर कृषकलाई उपलब्ध गराउनु पर्नेछ।

ड) सेक्स्ड सिमेनबाट जन्मिएको बाछीहरूको पहिचान सहित कानमा ट्याग राखिनु पर्नेछ ।

ढ) कार्यालयको पशुसेवा शाखाको कृत्रिम गर्भाधान कर्ता बाट मात्र सेक्स्ड सिमेन प्रयोग गराइनेछ । यदि कार्यालयको आफ्नो प्राविधिक क्षमताले सेक्स्ड सिमेनको प्रयोगमा अपुग भएमा शाखासँग कृत्रिम गर्भाधान सेवाको लागि सम्झौता गरेको निजी प्राविधिकहरूलाई कार्य दक्षताका आधारमा तोकिएको मागमा सिमेन उपलब्ध गराइ प्रयोग गराइनेछ । (२) माथि उल्लिखित दफा ६ को उपदफा (१) को खण्ड (ञ) मा लेखिएको वडाबाट आएको सिफारिस भएका किसानहरूको र गाईको विषयमा पशु सेवा शाखाले पुनः विचार गर्नु परे वा मापदण्ड नपुगेको पाइएमा वडालाई जानकारी गराउनु पर्नेछ। (३) सेक्स्ड सिमेनबाट कृत्रिम गर्भाधान गराएको किसानको गाईको गर्भाधान असफल भए प्राविधिकको सल्लाह बमोजिम गरी र दोहोर्याउनु परे एक पटकलाई लागत साझेदारीको रकम तिर्नु पर्ने छैन तर पहिलो पटक कृत्रिम गर्भाधान गरेको गाई असफल भई पुन: दोहोऱ्याई कृत्रिम गर्भाधान गर्ने कार्य पशुसेवा शाखाले गरी एकमुष्ट वडा कार्यालयलाई जानकारी गराउने ।

(४) कृषकबाट प्राप्त लागत साझेदारी वापतको रकमलाई कोषमा जम्मा गरिनेछ ।

(५) कोषमा जम्मा भएको रकम र प्रति वर्ष सेक्स्ड सिमेन तथा अन्य उन्नत नस्लको सिमेन खरिद वापत विनियोजित रकमबाट उन्नत नस्ल खरिद गरिनेछ । साथै उन्नत नस्लको सेक्स्ड सिमेन कार्यक्रमको लागत साझेदारी वापतको रकम सोही कोषमा जम्मा हुने व्यवस्था गर्नुपर्नेछ ।

(६) जुनसुकै सिमेन प्रयोग गर्दा चार प्रतिशत टुट फुट तथा बिग्रेको हुनसक्ने हुनाले सो बापत चार प्रतिशत मोटोलिटी कायम गरिएको छ । जसको लागि प्रति एक सय डोज सिमेन स्ट्र बाट चार का दरले कमको गणना हुन सक्नेछ । सो अनुसार कृत्रिम गर्भाधान कोषमा चार प्रतिशतका दरले हुने रकम कम (घटी) रकम जम्मा हुन सक्नेछ ।

(७) उन्नत नस्ल (सेक्स्ड सिमेन) को प्रयोग गर्न किसानहरूले सूचना प्राप्त भएपछि वडा कार्यालयमा आवेदन दिनु पर्नेछ । वडा कार्यालयले पशु सेवा शाखामा अनुसूची - १ बमोजिम सिफारिस गर्नु पर्नेछ । साथै किसानले पशु सेवा शाखासँग गर्ने कबुलियतनामा अनुसूची - २ बमोजिम हुनेछ ।

(८) सहकारीहरूको माग अनुसार उत्कृष्ट ५ जना कृषक र विपन्न ५ जना कृषकहरूलाई वडा कार्यालयको सिफारिसमा निशुल्क सिमेन उपलब्ध गराइने छ ।

**परिच्छेद - ४**

## विविध

**७. अनुगमन मूल्याङ्कन र प्रगति प्रतिवेदन :** (१) कार्यक्रम कार्यान्वयन पश्चात् कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्ने दायित्व वडा समिति र पशु सेवा शाखाको हुनेछ । प्रत्येक महिना कार्यक्रमको प्रगति प्रतिवेदन पशु सेवा शाखाले आर्थिक विकास समितिलाई पेस गर्नेछ र आर्थिक विकास समितिले आवश्यकता अनुसार नगर कार्यपालिकामा अनुगमन मूल्याङ्कन र प्रगति प्रतिवेदन पेस गर्नु पर्नेछ ।

**८. थपघट वा हेरफेर गर्न सक्ने :** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउने प्रयोजनका लागि कार्यविधिको आवश्यकता अनुसार व्याख्या वा संशोधन गर्न सक्नेछ ।

## अनुसूची - १

### वडाले गर्ने सिफारिसको ढाँचा

सेक्स्ड सिमेन (उन्नत नस्ल) को प्रयोगको लागि इलाम नगरपालिका वडा नं. को तपसिलका दुग्ध उत्पादक सहकारी

......... सदस्य/समूह सदस्य/व्यावसायिक फर्म/उन्नत गाई पालन गरेका कृषकहरू मध्ये आवेदन दिएको तपसिलका सहकारी सदस्य/समूह सदस्य/व्यावसायिक फर्म/कृषकहरुलाई सिफारिस गरिन्छ ।

**तपसिल**

व्यक्तिगत/समूह/सहकारी संस्थाको नाम:

व्यावसायिक फार्मको नाम:

किसानहरूको नामथरः

१.

२.

३.

४.

गाई संख्या :

आवश्यक माग संख्या :

इलाम नगरपालिका वडा नं.

वडा अध्यक्ष :

हस्ताक्षर :

## अनुसूचि – २

## कबुलियतनामा

लिखितम् इलाम जिल्ला इलाम नगरपालिका वडा नं. ..... बस्ने नागरिकता नं.................................भएको कृषक म .................................................ले इलाम नगरपालिकाको गाईको प्रजननको लागि उन्नत नस्ल ( सेक्सड सिमेन) कार्यक्रम प्रयोग तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ अनुसार मैले आफ्नो गाईलाई सेक्स्ड सिमेनबाट कृत्रिम गर्भाधान आज मिति २०................... मा गराएको छु । इलाम नगरपालिकाको सोही कार्यविधि अनुसार मैले यसरी सेक्स्ड सिमेनबाट कृत्रिम गर्भाधान गराएको ट्याग .............रहेको होलेस्टीन बेत ......... भएको गाई सकभर बिक्री वितरण वा दान गर्ने छैनौं । अति आवश्यक परी बिक्री वितरण गर्नुपर्ने भएमा इलाम नगरपालिका भित्र बसोबास गर्ने कृषकलाई मात्र बिक्री वितरण गर्नेछु र सो बिक्री गर्नुपूर्व खरिद गर्ने कृषक सहित पशु सेवा शाखा इलाममा आई नियम अनुसारको नामसारी गरी गराई मात्र बिक्री वितरण गर्ने छौं भनी यो कागजमा सही छाप गरि दियौं, फरक परे कानुन बमोजिम सहुँला बुझाउँला ।

इति सम्वत् २०.......साल........... महिना .........गते रोज ..... शुभम् ।

कृ.ग. गराउने कृषकको नामः

ठेगानाः इलाम नगरपालिका

वडा नं. ...........  टोल : ..........................

सम्पर्क नं.

सहीः

| दायाँ | बायाँ |
|---|---|
| | |

| | |
|---|---|
| | |

कृ.ग. कर्ताको नाम र सहीः

**आज्ञाले**

गणेश कुमार खड्का

प्रमुख प्रशासकीय अधिकृत